MIKLAJUNG RURAL MUNICIPALITY
OFFICE OF RURAL MUNICIPAL EXECUTIVE
MADHUMALLA, MORANG
KOSHI PROVINCE, NEPAL

बोलपत्र फारम

Contract Name : Miklu Khola Block 1 and 2, Telikhola, Magarkhola, ApeKhola, MuguKhola, Safewa Khola Bata Dhunga Matra

Contract ID : **राजश्व४/०८३-८४**

मिक्लाजुङ गाउँपालिका
Miklajung Rural Municipality
गाउँकार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
मधुमल्ला, (मोरङ)
Madhumalla, (Morang)

Website : www.miklajungmunmorang.gov.r
Email:miklajungrmun@gmail.com
Contact No.: 021-400001
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

प.स.(L.No.) : ०८३।८४
च.नं. (Ref No.) :

नदीजन्यपदार्थ उत्खन्न, संकलन र बिक्री बाट प्राप्त हुने शुल्क ठेक्का बन्दोवस्ती सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०७/२१ गते)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (घ) (६) तथा ६२(क) बमोजिम मिक्लाजुङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्र वाहेकका नदी तथा खोलाहरुबाट स्वीकृत आईईमा तोकिएको क्षेत्र र नाकाबाट ढुंगा,गिटि,ग्रावेल, वालुवा र भरौट उत्खनन संकलन तथा बिक्री शुल्क असुली गर्न तपशिल बमोजिमको खोलावाट तोकिएको परिमाणमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपशिल बमोजिमको शर्तको अधिनमा रहि वोलपत्र पेश गर्नुहुन सम्वन्धित सवैका लागि यो सार्वजनिक सुचना प्रकासित गरिएको छ ।

तपशिलः

ठेक्काको नामः नदीजन्य पदार्थ उत्खनन् संकलनतथा बिक्री शुल्क असुली ठेक्का

क्र. सं.	ठेक्का नं.	ठेक्काको नाम	उत्खनन हुने क्षेत्र नाका	उत्खनन हुन योग्य परिमाण (घन मि.)	न्यूनतम ठेक्का अंक रु मुअकर बाहेक	बोलपत्र फाराम दस्तुर	कैफियत
1	राजश्व२/०८३-८४	बक्राहा खोला खामेझोडा नाका	आइइ लेतोकेको क्षेत्र र नाका बमोजिम	79695	28144050.10	5000.00	
2	राजश्व३/०८३-८४	बक्राहा खोला मलामी टहरा दक्षिण नाका		76560	27036934.30	5000.00	
3	राजश्व४/०८३-८४	मिक्लुखोला ब्लक १ र ब्लक २, तेलिखोला, मगरखोला, अपिखोला, मुगुखोला, सफेवाखोला वाट ढुङ्गा मात्र		26900	9499654.30	3000.00	

तेजिन्द्र गौतम
प्रमुख प्रशासकीय अधिकृत

मिक्लाजुङ गाउँपालिका
Miklajung Rural Municipality
गाउँकार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive

मधुमल्ला, (मोरङ)
Madhumalla, (Morang)
Website : www.miklajungmunmorang.gov.r
Email:miklajungrmun@gmail.com
Contact No.: 021-400001
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

प.सं.(L.No.) :०८३।८४
च.नं. (Ref No.) :

- बोलपत्र खरिद तथा दाखिला गर्ने कार्यालयः
  (क) जिल्ला प्रसाशन कार्यालय विराटनगर मोरङ ।
  (ख) मिक्लाजुङ गाउँपालिकाको कार्यालय मधुमल्ला मोरङ ।
- बोलपत्र खरिद गर्ने,दखिला गर्ने र खोल्ने मिति र समयः
  (क) वोलपत्र खरिद गर्ने अन्तिम मितिः२०८३/०८/१४ गते कार्यालय समय भित्र।
  (ख)बोलपत्रपेश/दाखिला गर्ने अन्तिम मितिः२०८३/०८/१५ गते दिनको १२.००बजे भित्र।
  (ग)बोलपत्र खोल्ने मितिः२०८३/०८/१५ गते दिनको २.०० बजे।
  अन्य शर्तहरु Bid Document उल्लेख गरीएको छ।

तेजेन्द्र गौतम
सुख प्रशासकीय अधिकृत

नोटः नदीजन्य/खोलाजन्य पदार्थको दररेट सम्वन्धी व्यवस्था कोशी प्रदेश आर्थिक ऐन, २०८३ को दफा ७ कोउपदफा १ तथा सो सँग सम्वन्धीत अनुसूची ६ मा उल्लेख भए बमोजिम निम्नानुसारको हुनेछ ।

विवरण	ढुङ्गा/ग्रावेल/मिक्स गिटी/ बालुवा विक्रि दर (मु.अ.कर वाहेक)	कैफियत
दररेट (घन फिट)	१०।००	पदार्थहरुको विवरण स्वीकृत IEE मा छ ।

शर्तहरुः

क. बोलपत्र सम्बन्धी

- बोलपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) यस गाउँपालिकाको एनएमबि बैंक लिमिटेडको मधुमल्लामा रहेको आन्तरिक राजश्व खाता नम्बर ०६१००५८२१३०००१३ मा जम्मा गरी सोको सक्कलै भौचर वा गाउँपालिकाको कार्यालयमा रहेको राजश्व शाखामा जम्मा गरेको सक्कलै भौचर, फर्म वा कम्पनीले फर्म/व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, आन्तरिक राजश्व कार्यालयबाट प्राप्त भ्याट/पान दर्ता प्रमाण पत्रको प्रतिलिपी, आ.व. २०८२/०८३ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी वा म्याद थप गरेको पत्रको प्रतिलिपि, स्वयमः घोषणा गरेको पत्रकासाथ कबोल अंकको ५ प्रतिशतमा नघट्ने गरी धरौटी रकम यस गाउँपालिकाको एनएमबि बैंक लिमिटेडको मधुमल्लामारहेको धरौटी खाता नम्बर ०६१००५८२१३०००६१मा जम्मा गरी सोको सक्कलै भौचर वा मिक्लाजुङ गाउँपालिकाको नाममा जारी गरिएको न्युनतम्१२० कार्यदिन भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकको वोलपत्र जमानत बिड बन्ड पेश गर्नु पर्नेछ ।
- बोलपत्र खोल्दा बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ।बोलपत्र खोल्ने समयमा बोलपत्र दाताहरु/प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधापर्ने छैन।बोलपत्र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि कार्यालय खुल्ला भएको दिन २:०० बजे बोलपत्र खोलिनेछ।
- बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको वा सूचना प्रकाशन भएको वा आधिकारीक ईमेल ठेगानामा पत्र पठाईएको १५ (पन्ध्र) दिन भित्र सम्झौता गर्न नआएमा बोलपत्र जमानत वापतको धरौटी रकम जफत गरी स्वीकृत भएको बोलपत्रदातालाई कालोसूचिमा राख्ने साथै प्रचलिल कानून बमोजिम कार्वाही समेत गरिनेछ ।

मिक्लाजुङ गाउँपालिका
Miklajung Rural Municipality
गाउँकार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive

मधुमल्ला, (मोरङ)
Madhumalla, (Morang)

Website : www.miklajungmunmorang.gov.r
Email:miklajungrmun@gmail.com
Contact No.: 021-400001
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

च.स.(L.No.) :०८३।८४
च.नं. (Ref No.) :

- बोलपत्र दाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आह्वान गर्ने/नगर्नेसम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।
- बोलपत्र खरिद तथा दाखिला गर्ने कार्यालयः
  (ग) जिल्ला प्रसाशन कार्यालय विराटनगर मोरङ ।
  (घ) मिक्लाजुङ गाउँपालिकाको कार्यालय मधुमल्ला मोरङ ।
- बोलपत्र खरिद गर्ने,दखिला गर्ने र खोल्ने मिति र समयः
  (क) बोलपत्र खरिद गर्ने अन्तिम मितिः२०८३/०८/१४ गतेकार्यालय समय भित्र।
  (ख)बोलपत्रपेश/दाखिला गर्ने अन्तिम मितिः२०८३/०८/१५ गते दिनको १२.००बजे भित्र ।
  (ग)बोलपत्र खोल्ने मितिः२०८३/०८/१५ गते दिनको २.०० बजे।

(घ)बोलपत्र खोल्ने स्थानःमिक्लाजुङ गाउँपालिकाको कार्यालय, मधुमल्ला मोरङ।

तेजेन्द्र गौतम
प्रमुख प्रशासकीय अधिकृत

- बोलपत्रदाताले कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम (मु.अ.कर समेत) एकमुष्ट अग्रिम बुझाएमा भ्याट बाहेक कबोल अंकको १० प्रतिशत रकम छुट दिइनेछ ।त्यस्तै बोलपत्र दाताले कबोल रकम किस्तामा बुझाउन चाहेमा दुई किस्तामा सम्पूर्ण रकम बुझाउनु पर्नेछ । प्रथम किस्ता सम्झौताको समयमा कबोल अंकको ६० प्रतिशत जम्मा गरेको भौचर पेश गर्नु पर्ने, दोस्रो किस्ता कबोल अंकको ४० प्रतिशत २०८३ चैत्र मसान्त भित्र बुझाइसक्नु पर्नेछ । दोस्रो किस्ता वापतको जम्मा रकम बराबर हुने गरी २०८४ साउन मसान्त सम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकको परफरमेन्स बन्ड ग्यारेन्टी पेश गर्नु पर्नेछ । कबोल कर्ताले यस शर्त बमोजिम तोकिएको अबधि भित्र दोस्रो किस्ता बापतको रकम जम्मा नगरेमा ठेक्का तोडि निज कबोलकर्ताले पेश गरेको परफरमेन्स बन्ड ग्यारेन्टी जनकारी नगराई जफत गरी असुल उपर गरिनेछ ।
- ठेक्काको अवधि सम्झौता भएको मिति देखि २०८४ जेष्ठ मसान्त सम्मको लागि मात्र हुनेछ । यदि तोकिएको अवधिभन्दा पहिले नै आईई प्रतिवेदनमा तोकिएको परिमाण उत्खन्न भएमा थप उत्खन्न गर्न रोक लगाइनेछ । साथै आर्थिक बर्षमा घटेको महिना र दिनको आधारमा तोकिएको ठेक्का रकममा कुनै असर पर्ने/पार्ने तथा छुट हुने व्यवस्था छैन ।
- कबोल रकम अंक र अक्षरमा स्पष्ट देखिने गरी उल्लेख गर्नुपर्नेछ।सामान्यतया बोलपत्र फारममा उल्लेखित कबोल रकम अंकर अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।तर प्रस्तावीत अक्षरमा उल्लेख भएको रकम भन्दा अंकमा प्रस्ताव भएको रकम वढी भएमा सार्वजनिक हितको सिद्धान्तका आधारमा वढी रकम प्रस्ताव भएको लाई मान्यता दिईनेछ।
- बन्द हड्ताल, भुकम्प, बाढी पहिरो जस्ता प्राकृतिक र मानविय विपद्का कारण सृजित समस्याका कारण देखाई ठेकेदार, फर्म र कम्पनीले छुट माग गरेमा कुनै प्रकारका छुट लगायतका अन्य सुविधा दिईनेछैन । साथै ठेकेदारले पनि शुल्क/कर छुट वा मिनाहा माग गर्न पाइनेछैन ।
- शुल्क उठाउने रसिदमा ठेक्काको शिर्षक उल्लेख गरीएको रसिद ठेकेदार आफैले छपाई कार्यालयमा रसिद दाखिला गरेर मात्र कर उठाउन पाइनेछ साथै १५-१५ दिनमा अनिवार्य रुपमा जारी भएका रसिदहरुको हिसाब विवरण गाउँपालिकामा बुझाउँने दायित्व ठेकेदारको हुनेछ ।

मिक्लाजुङ गाउँपालिका
Miklajung Rural Municipality
गाउँकार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive

मधुमल्ला, (मोरङ)
Madhumalla, (Morang)

Website : www.miklajungmunmorang.gov.r
Email:miklajungrmun@gmail.com
Contact No.: 021-400001
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

च.नं.(L.No.) :०८३।८४
च.नं. (Ref No.) :

- सम्मानीत अदालत, नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिकाको नीति, निर्देशन तथा आदेशको पालना गर्नु/गराउनु ठेकेदार पक्षको कर्तव्य एवम् दायित्व हुनेछ । नीति निर्देशक वा अदालतको आदेश पालनाको कारणबाट कुनै क्षति हानि नोक्सानी हुन गएमा सोको क्षतिपूर्ति दाबी ठेकेदारले गाउँपालिका सँग गर्न पाउने छैन ।
- कर, दस्तुर, शुल्कको दर लगायत अन्य शर्तहरु बोलपत्रको शर्त तथा फारममा उल्लेख गरिएको छ । नेपाल सरकर, प्रदेश सरकार तथा स्थानीय सरकारलाई प्रचलित कानुन बमोजिम बुझाउनुपर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वंयमले सम्बन्धित निकायमा बुझाउनुपर्नेछ । सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का अंकबाट कट्टा गर्न पाइनेछैन ।
- गाउँपालिकाले स्वीकृत गरी अपलोड गरेको Bid Document नै यस प्रयोजनका लागि Standard Bid Document रुपमा मानिनेछ ।
- बोलपत्रदाताले गाउँपालिकाबाट स्वीकृत गरी पेश गरेको खोलाजन्य पदार्थको उत्खन्न तथा बिक्री सम्बन्धी BoQ अंक र अक्षेरमा भरी सहिछाप गरी पेश गर्नुपर्नेछ । तर बोलपत्रदाताले पेश गरेको / भरेको कुनै कागजात आफ्नो कबोल अंक उल्लेख भएमा/गरेमा त्यस्तो बोलपत्रलाई समेत सार्वजनिक हितको सिद्धान्तका आधारमा मूल्याङ्कन प्रक्रियामा लैजान बाधा पुग्ने छैन ।
- गाउँपालिकाले यस प्रक्रियामा भाग लिएका बोलपत्रदाताहरुको तोकिए बमोजिम मूल्याङ्कन गरी सारभुत रुपमा प्रभावग्राही ठहरिएको अधिकतम कबोल गर्ने बोलपत्रदातालाई सम्झौताका लागि आहान गर्नेछ । तोकिएको समय भित्र उल्लेखित बोलपत्रदाता सम्झौता गर्न नआएनियमानुसार दोस्रो र तेस्रो लगायतका बोलपत्रदातालाई सम्झौताका लागि पत्रचार गरिनेछ । अधिकतम कबोल गर्ने बोलपत्रदाताहरु सम्झौता गर्न नआएमा निजहरुको सम्पूर्ण धरौटी वापतको रकम जफत गरी कालोसूचिमा राख सम्बन्धित निकायलाई सिफारिस गरिनेछ ।
- सम्झौता पश्चात बोलपत्रदाताले तोकिएको समयभित्र तोकिएको परिमाण उत्खन्न गरी भण्डारण गर्नु परेमा मिक्लाजुङ गाउँपालिकाको पूर्व स्वीकित लिई तोकिएको स्थान र क्षेत्रमा भण्डारण गर्नु पर्नेछ । नदिजन्य/खोलाजन्य पदार्थ भण्डारण गर्दा ऐलानी पर्ति वा खोलाको बगर क्षेत्रमा भण्डारण गर्न पाईने छैन । स्वीकृति लिई भण्डारण गरिएको नदिजन्य पदार्थहरुको २०८४ असाढ मसान्त भित्र मौज्दात शून्य गरिसक्नु पर्नेछ ।
- ठेक्का सम्झौता गर्ने फर्म/कम्पनीको धरौटी रकम ठेक्का रकममा मिलान गरिने छैन त्यस्तै ठेक्का अवधि समाप्त भए पछि धरौटी रकम फिर्ता गर्दा आन्तरिक राजश्व कार्यालयमा कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी संलग्न राखि निवेदन पेश गर्नु पर्नेछ ।
- ठेक्का तयारी तथा सो सँग लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफै जिम्मेवार हुनुपर्नेछ ।
- आईई प्रतिवेदनमा उल्लेखित भएको शर्तको अधिनमा रही नदिजन्य पदार्थको उत्खन्न र संकलन गर्नुपर्नेछ साथै यस कार्यालयबाट गरिएको आईई प्रतिवेदन यस बोलपत्रको अभिन्न अंग हुनेछ ।
- बोलपत्रदाताले आफ्नो खर्चमा उत्खन्न हुन/गर्ने खोलाहरुको नाका भ्रमण निरिक्षण गरि यस प्रकृयामा सहभागी हुनुहुन जानकारी गराईन्छ ।
- बोलपत्र कागजात वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालायमा निहित हुनेछ ।
- एउटा फर्म वा कम्पनीले खरिद गरेको बोलपत्र अर्को फर्म वा कम्पनीको नाममा प्रयोग/दाखिला गर्न पाउने छैन ।

मिक्लाजुङ गाउँपालिका
Miklajung Rural Municipality
गाउँकार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive

मधुमल्ला, (मोरङ)
Madhumalla, (Morang)

Website : www.miklajungmunmorang.gov.r
Email:miklajungrmun@gmail.com
Contact No.: 021-400001
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

च.नं.(L.No.) :०८३।८४
च.नं. (Ref No.) :

- बोलत्रदाता तथा गाउँपालिकाका बिच कुनै किसिकमको मत भिन्नता भएमा गाउँपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।
- बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ ।
- माथि उल्लेखित शर्तहरुको थप प्रष्टिकरण र व्यख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता मुताबिक हुनेछ ।
- यो सूचनाको उल्लेख भएका बिषयहरु यसै सूचना बमोजिम र अन्य कुराको हकमा प्रचलित ऐन, कानुन तथा मिक्लाजुङ गाउँपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।
- सूचना प्रकासन भएको २१ दिनभित्र Egp System संचालनमा आएमा Egp System समेत बाट वढावढ प्रकृयामा सहभागीता गराउने गरि प्रवन्ध गर्न सकिनेछ । यसरी Egp System वा Hard Copy दुवै System वाट वढावढ गराउने प्रवन्ध भएमा Hard Copy को लागि प्रकाशीत सूचनाको अवधी नै दुवै प्रकृयाकालागि मान्य हुनेछ ।
- यस प्रक्रियामा सहभागी हुने बोलपत्रदाताले सूचनामा उल्लेखित सम्पूर्ण शर्तहरु र Standard Bid Document लाई स्वीकार गरी समाबेश भएको/गरिएको मानिनेछ ।

ख. नदीजन्य पदार्थहरु उत्खनन् सङ्कलन र बिक्री बितरण गर्ने सर्तहरु

१. साधारण निर्माणमुखी नदीजन्य पदार्थहरु घाटगद्दी स्थल तोकी निधर्धारित स्थानबाट मात्र उत्खनन तथा बिकी बितरण गर्नुपर्नेछ ।
२. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन संकलन गरी घाटगडी क्षेत्रबाट बिकी बितरण गर्नेकममा उल्लिखित शर्तहरु पालनाभए नभएको सम्बन्धमा अनुगमन समिति तथा गाँउपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ। निर्देशन पालना गर्ने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ ।
३. यस गाँउपालिका मातहतका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४, प्रदेश कानून नदीजन्य निर्माण सामग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं बातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।
४. यस ठेक्का सम्झौतामा उल्लेखित नदीहरु बाहेक नदीजन्य पदार्थको उत्खनन् सङ्कलन तथा बिकी बितरण कार्यचुरे, मध्यवर्ति क्षेत्र, राष्ट्रिय निकुञ्ज सामुदायिक वन र नेपाल सरकारले निषेध गरेको स्थानहरुक गर्न पाईनेछैन ।
५. बिक्री मूल्य वा दस्तुर शुल्क तोकिएको सङ्कलन केन्द्रमा मात्र उठाउनु पर्नेछ । राष्ट्रिय राजम र सहायक राजमार्गमा ढाट राख पाइनेछैन।
६. नेपाल सरकार वा गाँउपालिकालाई प्रचलित कानून बमोजिम बुझाउनु पर्ने अन्य कर दस्तुर शुन आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो बापत् बुझाएको रकमल कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईने छैन ।
७. शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफनै तर्फबाट छ गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।
८. विक्री मूल्य वा शुल्क असुर गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरु सहितको होर्डिङ्ग कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देखे गरी राख्नुपर्नेछ ।

मिक्लाजुङ गाउँपालिका
Miklajung Rural Municipality
गाउँकार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive

मधुमल्ला, (मोरङ)
Madhumalla, (Morang)

Website : www.miklajungmunmorang.gov.r
Email:miklajungrmun@gmail.com
Contact No.: 021-400001
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

च.सं.(L.No.) :०८३।८४
च.नं. (Ref No.) :

९. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानून बमोजिम हुनेछ ।

१०. तोकिएको म्यादभित्र ठेकेदारले गाँउपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझा गाँउपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ

११. गाँउपालिकाले बिक्री मुल्य वा शुल्क कर असुल गरिसकेको निर्माण सामग्रीमा पुनः स्थानीय तहबाट कर लगाउन पाइने छैन ।

१२. प्रचलित ऐन, नियम बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा संशोधित व्यव बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ

१३. ठेक्का सङ्कलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नु पर्नेछ । तोकिएको स्थान बा अन्य स्थानमा सङ्कलन केन्द्र राख्नु पर्ने भएमा गाँउपालिकाको पूर्व स्विकृत लिएर मात्र राख्नुपर्नेछ सङ्कलन केन्द्र राखे स्थान

क.सं.	ठेक्काको किसिम	सङ्कलन केन्द्र राखे स्थान	कैफियत

१४. उत्खनन् सङ्कलन तथा बिक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको मौज्दात आर्थिक बर्षको अन्तमा शुन्य गर्नुपर्नेछ । ठेकेदारले नियमानुसार उत्खनन् गरी लिजमा जग्गा लिएर ज गरेको नदीजन्य पदार्थ तोकिएको अबधिभित्र नउठाएमा प्रदेश आर्थिक ऐन अनुसार स्टक प्रमा दस्तुर तिरेर मात्र लैजान पाईनेछ ।

१६. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ बिक्री बापत गाँउपालिकालाई बुझाउनु पर्ने बिक्री शुल्कको विवरण देहायको ढाँचामा राखुपर्नेछ ।

१	बिक्री मूल्य	रु
२	शुल्क	रु
३	मूकर रकम.अ.	रु
	कुल जम्मा	रु

१७. सामान्य निर्माणमुखी नदीजन्य उत्खनन्, सङ्कलन तथा बिक्री गर्दा राष्ट्रिय गौरवका साथै रुपान्तरणकारी आयोजनाहरुलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

१८. नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाइनेछैन ।

१९. ठेकेदारले यस सम्झौतामा उल्लिखित सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नु पर्नेछ र सोको नियमित रुपमा गाँउपालिकावाट अनुगमन हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लङ्घन भएको पाईएमा कार्यालयले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र यसबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिईनेछैन ।

२०. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन र संकलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुंगा, गिटी, बालुवा आदि संकलन तथा ढुवानी गर्नुपर्नेछ ।

२१. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमाठेकेदार आफैले मर्मत गर्नु पर्नेछ । सो बापत लागेको खर्च गाँउपालिकामा दावी गर्न पाइने छैन ।

मिक्लाजुङ गाउँपालिका
Miklajung Rural Municipality
गाउँकार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive

मधुमल्ला, (मोरङ)
Madhumalla, (Morang)

Website : www.miklajungmunmorang.gov.r
Email:miklajungrmun@gmail.com
Contact No.: 021-400001
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

प.सं.(L.No.) :०८३।८४
च.नं. (Ref No.) :

तोडफोड गौतम
प्रमुख प्रशासकीय अधिकृत

२२. उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा, घाटलाई क्षति हानीनुक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो, बाँधमा क्षति नहुने गरी उत्खनन गर्नु पर्नेछ

२३. कन्भट, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुबैतर्फ दुइसय मिटर भित्र निर्माण सामग्रीहरु उत्खनन् गर्न पाइनेछैन ।

२४. मुख्य मार्गबाट बोल्डर ग्राभेल, बालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मन्जुरीनामा लिनुपर्नेछ र वन क्षेत्र भएरजाने भए वा कार्यालयसँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नु पर्नेछ ।

२५. ठेक्का सम्झौता भएपछी विहान ६ बजेदेखी वेलुका सुर्यास्त सम्म मात्र उत्खनन् एवं संकलनसमय अवधि हुनेछ ।

२६. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यमा एक्स्काभेटर, डोजर जस्ता भारी उपकरणहरुको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमाभित्र रही गाँउपालिकाको सहमतिमा मात्र प्रयोग गर्नु पर्नेछ ।

२७. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छली मालवस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ ।

२८. उत्खनन् पश्चात काम नलाग्ने भनी छोडिएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पूर्व अवस्थामा छोड्नुपर्नेछ । नदीको धार बदलिने गरी उत्खनन् गर्न पाइनेछैन ।

२९. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन् तथा बिक्री प्रबन्ध मिलाउनु पर्नेछ ।

३०. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बिमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ ।

३१. स्वीकृत वातावरणीय प्रतिबेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनिकरणका उपायहरुकोपूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री गर्नुपर्नेछ ।

३२. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यस उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

३३. यस कार्यालयसँग गत विगतमा भएको कारोवारमा यस कार्यालयको म.ले.प. प्रतिवेदनमा वेरुजु भएमा वा कुनै किसिमको संघ, प्रदेश तथा स्थानीय सरकारसँग बाँकी बक्यौता भएको भए सम्झौता गर्नु पूर्व फछ्यौट गरी बाकी बक्यौता नभएको स्वघोषणा गर्नुपर्नेछ, अन्यथा सम्झौता गर्न कार्यालय बाध्य हुने छैन ।

मिक्लाजुङ गाउँपालिका
Miklajung Rural Municipality
गाउँकार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive

मधुमल्ला, (मोरङ)
Madhumalla, (Morang)

Website : www.miklajungmunmorang.gov.r
Email:miklajungrmun@gmail.com
Contact No.: 021-400001
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

प.सं.(L.No.) :०८३।८४
च.नं. (Ref No.) :

३४. ठेक्का सम्झौता भईसके पछि बन्द, हड्ताल वा कुनै कारण देखाई ठेक्का बापत तिर्नुपर्ने किस्ता रकममा कुनै प्रकारको छुट र मिनाहा माफी दिइने छैन् ।

३५. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कारवाही भई ठेक्का रद्ध समेत गर्न सकिनेछ ।

३६. वन क्षेत्रबाट बालुवा, ढुङ्गा, गिट्टी, रोडा र ग्राभेल उत्खनन गरी बिक्री गर्न पाईने छैन । IEE प्रतिवेदनले तोकेको स्थान नाकाबाट तोकेको परिमाणमा मात्र सङ्कलन गर्न पाईनेछ । यसरी सङ्कलन गरेको परिमाणको लगत प्रत्येक १५/१५ दिनमा मिक्लाजुङ गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ

३७. सङ्कलन गरिसकेको नदीजन्य सामाग्रीलाई घाटगद्धी गरेर मात्र बिक्री वितरण गर्नुपर्नेछ । यसरी सङ्कलन तथा घाटगद्धी गर्दाको लागत स्वयं ठेकेदारले व्यहोर्नु पर्नेछ । तोकिएको परिमाण भन्दा घटी परिमाणमा निर्माण सामाग्री सङ्कलन भएको कारणले कुनै छुट मिनाहा माग्न पाईने छैन ।

३८. विभिन्न नदी खोलाहरुबाट निकालिने निर्माण सामग्री निकाल्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार निकाल्नु पर्नेछ । तोकिए बमोजिम पुल पुलेसा, संरक्षण क्षेत्र आदिको दक्षिण १००० मिटर र उत्तरमा ५०० मिटर बाहिरबाट मात्र र खोलाको मध्यम भागबाट मात्रसङ्कलन गर्नुपर्नेछ । साथै राष्ट्रिय राजमार्गहरुमा सुख्खा निर्माण सामग्री मात्र ओसार पसार गर्नुपर्नेछ । विभिन्न खोलाबाट निकालिने निर्माण सामग्री बिक्री मुल्य करको ठेक्का लिए पश्चात निर्माण सामग्री उठाउन रोक लागे/लगाएमा ठेकेदार स्वयं आफैले मिलाई कर संकलन गर्नुपर्नेछ । कुनै कारणबस कर संकलन गर्न बाधा परेको कारण कुनै पनि छुट मिनाहा दावी गर्न नपाईने र सो छुट मिनाहा दिन कार्यालय बाध्य हुने छैन । निर्माण सामाग्री निकाल्दा विभिन्न खोलामा स्वीकृत IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र नाकाभित्र मात्र सिमित रही निर्माण सामाग्री निकाल्नु पर्नेछ । सो तोकिएको परिमाण तथा नाकाभन्दा बाहिर गई निर्माण सामाग्री निकाल्न पाईने छैन छ । साथै निर्माण सामाग्री ओसार पसार गर्ने सडकहरुका खाल्डा खुल्डी पुर्ने, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रणका लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्बन्धित ठेकेदारले गर्नुपर्नेछ । यस किसिमका उजुरीहरु स्थानीयस्तरबाट आउन नदिने गरी सम्बन्धित ठेकेदारले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ र सो वापतको खर्च दावी गर्न पाईने छैन ।

३९. ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

४०. आईईले तोके बमोजिमको मापदण्डमा उत्खन्न भएको छ छैन, सो को अनुगमनअनुगमन समितिले समेत गर्नेछ । मापदण्ड विपरित उत्खन्न् गरेको पाइएमा तत्काल उत्खनन् कार्य बन्द गर्न लगाई नियमानुसार कारबाही गरिनेछ ।

४१. नदिजन्य पदार्थको उत्खन्न, संकलन र बिक्रीको अनुगमन प्रदेश अनुगमन समिति, जिल्ला अनुगमन समिति तथा जिल्ला समन्वय समिति र पालिका स्तरिय अनुगमन तथा अन्य गठित समितिले गर्न सक्नेछ ।

४२. नदी, खोला, बगर एवं सडक तथा सार्वजनिक आवागमनमा बाधा हुने गरी संकलन तथा सामान भण्डारण गर्न पाइनेछैन ।

मिक्लाजुङ गाउँपालिका
Miklajung Rural Municipality
गाउँकार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive

मधुमल्ला, (मोरङ)
Madhumalla, (Morang)
Website : www.miklajungmunmorang.gov.r
Email:miklajungrmun@gmail.com
Contact No.: 021-400001
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

प.स.(L.No.) : ०८३।८४
च.नं. (Ref No.) :

४३. ठेकेदारले शुल्क संकलन गर्न बस्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्नेछ र शुल्क संकलन गर्ने कर्मचारीलाई परिचय पत्र लगाएर मात्र संकलन कार्य गराउनुपर्नेछ ।

४४. नदिजन्य पदार्थ उत्खन्न, संकलन तथा बिक्री शुल्क प्रदेश सरकारले तोकेको दर बमोजिम (स्टक प्रमाणित बाहेक) उत्खन्न, संकलन तथा बिक्री गर्नुपर्नेछ । निर्धारित दररेट भन्दा बढी असुली गरेमा नियमानुसार कारबाही भई ठेक्का रद्द समेत हुन सक्नेछ ।

४५. उत्खन्न क्षेत्र, परिमाण, प्रविधि, तरिका र दुरीका सम्बन्धमा आईई प्रतिवेदनमा तोकिए बमोजिमका नाकाहरुबाट तोकिए बमोजिमको परिमाणमा उत्खन्न, संकलन र बिक्री गर्नु पर्नेछ ।

४६. नदीजन्य पदार्थ उत्खनन गर्दा खोला नदीहरुमा भएको पुलबाट उत्तर तर्फ पाँचसय मिटर र दक्षिण तर्फ १ किलोमिटरको क्षेत्रमा उत्खनन गर्न पाईने छैन ।

४७. नदिजन्य/खोलाजन्य पदार्थ उत्खन्न र संकलन गर्दा प्राकृतिक धारा, घाट, कुलो, पैनी, बाध, लोकमार्ग र सडक मार्ग एवं सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी तोकिएका स्थान/नाकाहरुबाट मात्र तोकिए बमोजिम संकलन तथा ओसारपसार गर्नु/गराउनु पर्नेछ ।

४८. कर असुलिको दररेट सरोकारवाला सबैले देख्ने गरी राख्नु पर्ने दायित्व ठेकेदार स्वयमको हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

मिक्लाजुङ गाउँपालिका

Miklajung Rural Municipality

गाउँकार्यपालिकाको कार्यालय

Office of Rural Municipal Executive

मधुमल्ला, (मोरङ)
Madhumalla, (Morang)
Website : www.miklajungmunmorang.gov.r
Email:miklajungrmun@gmail.com
Contact No.: 021-400001
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

प.सं.(L.No.) :०८३।८४
च.नं. (Ref No.) :

उत्खनन तथा बिक्री गर्न पाउने परिणाम

क्र सं.	नाकाको नाम	IEEबमोजिमउत्खनन् गर्न सकिने (घ.मि.)	ठेक्का आव्हान गरिएको (घ.मि.)
१	मिक्लुखोला ब्लक १ र ब्लक २, तेलिखोला, मगरखोला, अँपिखोला, मुगुखोला, सफेवा खोला बाट ढुङ्गा मात्र	२६९०० .००	२६९०० .००
	कुल जम्मा परिमाण	२६९०० .००	२६९०० .००

मिक्लाजुङ गाउँपालिका
Miklajung Rural Municipality
गाउँकार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive

मधुमल्ला, (मोरङ)
Madhumalla, (Morang)
Website : www.miklajungmunmorang.gov.r
Email:miklajungrmun@gmail.com
Contact No.: 021-400001
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

प.स.(L.No.) : ०८३।८४
च.नं. (Ref No.) :

तेजिन्द्र गौतम
प्रमुख प्रशासकीय अधिकृत

बोलपत्रफारम दस्तुर रु. ३,०००।-

बोलपत्रफारम

न्युनतमकबोलअंक रु. : रु९४,९९,६५४.३० (मुल्यअभिवृद्धि कर बाहेक)

उठाउन पाउने परिमाण : ढुंगा मात्र २६९००.०० घ.मि.

ठेक्काको अवधि : चलनपुर्जि पाएको मितिको भोलिपल्ट देखि २०८४ जेष्ठ मसान्त सम्मको लागि ।

१) ठेक्काको नाम : मिक्लुखोला ब्लक १ र ब्लक २, तेलिखोला, मगरखोला, आँपखोला, मुगुखोला, सफेवाखोला वाट ढुङ्गा मात्र बिक्री कर संकलन

२) ठेक्कानम्बर : राजश्व४/०८३-८४

३) किसिम : ढुंगा बिक्री कर उठाउने सम्बन्धी ।

४) कबोल रकम मु.अ.कर बाहेक (अंकमा) :

५) कबोल रकम मु.अ.कर बाहेक (अक्षरमा) :

६) राखिएको धरौटी रकम :

क) रकम रु..... को बैंक भौचर नं. .....

७) कैफियत :

फर्मको छाप

ठेकेदारको सही :
नाम, थर :
स्थायी ठेगाना :
मोवाइल नं. :
इमेल :